श्री कञ्चनपुर जिल्ला अदालतबाट सर्वसाधारणका लागि जारी भएको मोटरसाईकलहरु लिलाम बिक्री सम्बन्धी दोस्रो पटकको सूचना।

## प्रकाशित मिति २०७४ साल फाल्गुन २२ गते

यस अदालतमा विभिन्न मुद्दामा दशी स्वरुप दाखिल हुन आएको अदालतको अन्तिम फैसला बमोजिम जफत हुने ठहरेको र विचाराधिन अवस्थामा रहेको विभिन्न मुद्दाहरुमा यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका मोटरसाईकलहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(क) र ९०(ख) बमोजिम लिलाम गर्नु पर्ने भई मिति २०७४।१०।१८ मा बसेको मूल्याकंन समितिको बैठकले तोकेको मूल्यमा लिलामी सूचना जारी भएकोमा कसैको दरखास्त नपरेकोले जिल्ला अदालत नियमावली २०५२ को नियम ९०(ख) को उपनियम ४ बमोजिम दोस्रो पटक मिति २०७४ साल चैत्र ८ गते मोटरसाईकलहरुको लिलाम हुने भएकोले बढाबढ गरी लिलाम सकार गर्न चाहने सर्वसाधरण नेपाली नागरिक सबैको निमित्त निम्न शर्तहरु सहित यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | विवरण | फैसला मिति | न्युनतम मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|
| १ | म.१.प.९००० नं.को मोटरसाईकल | २०६६।१२।२० | २००००।- | |
| २ | म.१.प.१६४६ नं.को मोटरसाईकल | २०६७।१२।२० | ३५०००।- | |
| ३ | UP26M8126 | २०७२।२।२५ | १३०००।- | |
| ४ | से.२.प.५२२० | २०७१।७।१० | २५०००।- | |
| ५ | UA069-2963 | २०७३।११।४ | १२०००।- | |
| ६ | से.१.प.४३९९ | २०६८।१२।१ | १५०००।- | |
| ७ | म.१.प.७८४ | २०६७।१२।२० | १२०००।- | |

०६८।११।२२।३

नि. तहसिलदार

१.लिलाम मिति २०७४।१२।८ गते देखि बढाबढमा सहभागी हुनेले निवेदन साथ यस अदालतको तहसिल शाखामा दिनको १०.०० बजे देखि कार्यालय समय सम्म लिलाम बोल कबोल गर्न सकिने छ।

२.न्युनतम मूल्य भन्दा कममा लिलाम बोल्न पाईने छैन।

३.लिलाम हुने सवारी साधनहरु प्रचलित नेपाल कानुन बमोजिम नेपाल सरकारको नियम विपरित नहुने गरी प्रयोग गर्न पाईनेछ।

४.मोटरसाईकलहरु अलग अलग बढाबढ हुनेछ।

५.लिलाम बढाबढ हुँदा सबै भन्दा बढी कबोलबोल गर्नेलाई लिलाम साकार गराईने छ।

६.लिलाम साकार गर्ने डाँक बोल्नु अघि नै न्यूनतम मूल्यको १०% ले हुने नगद धरौटी राख्नु पर्नेछ।डाँक अंक रु.५००।-बढाउदै सोही अनुसार धरौटी थप गर्दै जानु पर्नेछ।लिलाम साकार गर्नेले बाँकी रकम लिलाम भएको मिति बाट ७ दिन भित्रमा दाखिला गर्नु पर्नेछ।७ दिन भित्र रकम दाखिल नगरे लिलाम भएको दिन धरौटीमा दाखिल हुन आएको १०% रकम जफत हुनेछ साथै पुनःलिलामको सूचना प्रकाशन गरिनेछ।

७.उल्लेखित सवारी साधनहरु जे जुन अवस्थामा छ सोही अवस्थामा लिलाम गरिनेछ।

८.लिलाम साकार गरेको १५(पन्ध्र) दिन भित्र साकार गरेका मोटरसाईकल उठाई लैजानु पर्नेछ।

९.सवारी साधन आ-आफ्नो नाममा दर्ता गराउने दायित्व लिलाम सकार गर्ने कै हुनेछ र दर्ता गराउँदा नियमानुसार लाग्ने अन्य दस्तुर समेत लिलाम साकार गर्नेले नै बेहोर्नु पर्नेछ।

१०.यस सम्बन्धमा थप कुराहरु बुझ्न परे यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

११.लिलाम सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ।

०७४।११।२२।३

तहसिलदार

प्रा.अ.